# नीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धादिङबेशी, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या:२०७९/८०

मितिः- २०७९/११/३०

## सूचना ! सूचना !! सूचना !!!

नीलकण्ठ नगरपालिका क्षेत्रभित्र रहेका पुर्व निर्मित भवन अभिलेखिकरण गर्न मिति २०७८।१०।१३ को प्रकाशित सूचना पश्चात पनि विविध कारणवस छुट भएको पुर्व निर्मित भवनको अभिलेखिकीकरण म्याद थप गर्न मिति २०७९।०८।०८ मा कार्यपालिकाको निर्णय भएको हुँदा यस नगरपालिका क्षेत्रभित्र "भवन तथा योजना मापदण्ड, २०७२ एवं भवन निर्माण निर्देशिका २०७२" लागु हुनुपुर्व निर्मित भवनहरू तथा नगरपालिकाको क्षेत्र विस्तार भै-आएको साविकको गा.वि.स हरूबाट निर्माण स्वीकृत प्रमाण-पत्र प्राप्त गरेको वा निर्माण स्वीकृत प्राप्त नगरी भवन निर्माण सम्बन्धि मापदण्ड पुरा नगरेको तर सडक मापदण्ड पुरा गरेको भवनहरूको अभिलेखिकीकरण प्रयोजनको लागि तपसिल बमोजिमका कागजात पुरा गरी यसै सूचना प्रकाशन भएको मिति देखि २०८० असार १५ गते सम्म निवेदन पेश गर्न सार्वजनिक सूचना प्रकाशन गरिएको छ । साथै पुर्व निर्मित अभिलेखिकीकरण गर्ने एक पटकको लागि पुनः सूचना प्रकाशित भएको हुँदा म्याद नाघि आएको निवेद उपर कुनै कारवाहि नहुने व्होरा समेत जानकारी गराईन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

तपसिलः

निवेदनको साथ संलग्न गर्नुपर्ने कागजातहरू

१. नागरिकताको प्रतिलिपि
२. जग्गाधनी प्रमाण-पुर्जा
३. चारकिल्ला
४. सम्बन्धित वडाको जनप्रतिनिधि र स्थानीयको रोहवरमा फिल्ड निरिक्षण गरी पठाएको सर्जिमिन मुचुल्का
५. जग्गाको मालपोत कर तिरेको रसिद
६. नगरपालिकामा सुचिकृत Consultancy बाट तयार परिएको घरको नक्शा — २ प्रति
७. जग्गाधनीको पासपोर्ट साईजको फोटो — २ थान
८. पुरै मोहडा र तल्ला देखिने गरी घरको फोटो

पुनश्चः

सार्वजनिक जग्गा, नदि, खोला, राजकुलो, सडक मापदण्ड, राजमार्ग, हाइवेको सेटव्याकभित्र निर्माण भएका कुनै संरचना पनि अभिलेखिकीकरण गरिने छैन ।